**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल**

**माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी**

**सङ्क्षिप्त आदेश**

**०७३-WO-०२१६**

**मुद्दाः- उत्प्रेषण।**

झापा जिल्ला गरामनी गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल का.जि.का.म.न.पा वडा नं. ३१ बस्ने अधिवक्ता भद्रप्रसाद नेपाल (स्वागत नेपाल)........................१ निवेदक

सोलुखुम्बु जिल्ला चौलाखर्क गा.वि.स वडा नं. ३ स्थायी घर भई हाल का.जि. कागेश्वरी मनहरा न.पा. बस्ने टपेन्द्रबहादुर कार्की........................................१

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं..........................................................................................१ विपक्षी

नेपाल सरकार शिक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं.......................................१

नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर.......१

नेपाल प्रज्ञाप्रतिष्ठान, कमलादी काठमाडौं......................................................१

निर्णय सुनाउने पेसीमा पेस हुन आएको प्रस्तुत निवेदनमा मिसिल संलग्न कागजात अध्ययन गरी रिट निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरू श्री भद्रप्रसाद नेपाल (स्वागत नेपाल), श्री विकास भट्टराई, श्री राजीव बास्तोला, श्री कीर्तिनाथ शर्मा पौडेल, डा. श्री सरिता खनाल, श्री टिकाप्रसाद कंडेल, श्री शान्तिदेवी खनाल, श्री त्रिलोकबहादुर चन्द, श्री ज्ञानेन्द्रराज आरण, श्री तुलसीराम पोखरेल, श्री विशालकुमार उपाध्याय, श्री सविन पोखेल,

श्री आवेश अधिकारी, श्री पुरुषोत्तमप्रसाद लोहनी र श्री राधिका चम्लागाई, नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री गोविन्द खनाल र विद्वान् उपन्यायाधिवक्ता श्री पुष्पराज बास्तोला, नेपाल प्रज्ञाप्रतिष्ठानका तर्फबाट उपस्थित विद्वान् हरिन्द्रप्रसाद राई, त्रिभुवन विश्वविद्यालयका तर्फबाट उपस्थित नारायणप्रसाद खनाल तथा एमिकस क्युरीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री विश्वदीप अधिकारी, श्री हर्क रावल, डा.श्री शम्भुप्रसाद खनालले गर्नुभएको बहससमेत गर्नुभयो।

- निवेदन दाबी हेर्दा पाठ्यक्रम विकास केन्द्रले गरेको प्रस्तावका आधारमा मन्त्रिस्तरीय आदेशमा भाषाको वर्णविन्यास शैली परिवर्तन जस्तो महत्त्वपूर्ण विषयलाई कार्यान्वयनमा ल्याइँदा भाषामा अर्थको अनर्थ हुने, भाषाको विकासमा अवरोध हुन सक्ने अवस्था भएको, अर्कातर्फ नेपालको संविधानको धारा ७ को उपधारा (३) प्रतिकूल हुने गरी संविधानतः भाषा आयोगलाई अधिकार भएको विषयमा मन्त्रिस्तरीय निर्णयका आधारमा पाठ्यक्रममा लाद्ने काम भएको छ। सोबाट संविधानको धारा ३१ को उपधारा (५) र धारा ३२ को उपधारा (३) बमोजिमको मौलिक अधिकारबाट वञ्चित हुने अवस्था भएको छ। मन्त्रिस्तरीय आदेशले मौलिक हकको मर्ममा प्रहार गरेको अवस्था हुँदा शिक्षा मन्त्रालयका तत्कालीन शिक्षा सचिव किशोर थापाले तत्कालीन शिक्षामन्त्री दीनानाथ शर्मासमक्ष २०६९।४।१७ मा सम्पादन तथा प्रकाशन शैली पुस्तिकाको वर्णविन्याससम्बन्धी टिप्पणी आदेश नेपालको संविधानको धारा १३३(३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरिपाऊँ साथै विद्यार्थीको पाठ्यक्रममा प्रयोग गरिएको वर्णविन्यासको शैलीका कारण सिकाइ कार्यसमेत प्रभावित भई अन्योल भएको हुँदा र हाल सो टिप्पणी आदेशलाई अनिवार्य लागु गर्न विभिन्न जिल्लाका शिक्षकहरूलाई भेला गराई गोष्ठी तालिम आदि सञ्चालन गर्ने गरी निर्देशनसमेत दिइरहेको हुँदा गोष्ठी तालिम आयोजना गरी बाध्यात्मक निर्देशन दिने कार्य र हाल अध्ययन गराइरहेको वर्णविन्यास तथा व्याकरणको प्रयोगसमेत नगर्न सो मन्त्रिस्तरीय आदेश कार्यान्वयन नगर्न नगराउन सो आदेशबमोजिम कक्षा १० को अनिवार्य नेपाली पाठ्यपुस्तकसमेत प्रकाशित नगर्न नगराउन अन्तरिम आदेशसमेत जारी हुन निवेदकको मागदाबी रहेको देखिन्छ। निवेदन मागबमोजिम अन्तरिम आदेश जारी भएको अवस्था देखिँदैन। पाठ्यक्रम विकास केन्द्र तथा ऐ. का निर्देशक श्री कृष्णप्रसाद काप्रीको छुट्टाछुट्टै लिखितजवाफ हेर्दा शिक्षा ऐनको दफा ८, शिक्षा नियमावलीको नियम ६(क) बमोजिम विद्यालय तहका पाठ्यपुस्तक नेपाल सरकारद्वारा स्वीकृत हुनुपर्ने व्यवस्था रहेको ऐन नियमका उपर्युक्त

व्यवस्थाबमोजिम विद्यालय तहका पाठ्यसामग्रीमा प्रयोग गरिने वर्णविन्यासलाई आधिकारिक निकायहरूले गरेका निर्णय र अभ्यासका आधारमा सरलीकृत गर्दै एकरूपता कायम गर्ने उद्देश्यले त्रिभुवन विश्वविद्यालय र नेपाल प्रज्ञाप्रतिष्ठानसमेतको सहमति लिई मन्त्रिस्तरीय निर्णय गरी कार्यान्वयनमा लगिएको हो। २०६३ सालमा पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशन सम्पादन शैली पुस्तिका तयार भई लागु भएको थियो। त्रिभुवन विश्वविद्यालयद्वारा नयाँ वर्णविन्यास अनुसार २०६६ सालमा अनिवार्य नेपाली शिक्षण निर्देशिका साझा प्रकाशनबाट प्रकाशन गरिएको थियो। २०६७ सालमा तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्ले नयाँ वर्णविन्यास अनुसार अनिवार्य नेपाली पाठ्यपुस्तक विकास गरी साझा प्रकाशनबाट प्रकाशन भई लागु भइरहेको छ। नेपाल प्रज्ञाप्रतिष्ठानले २०६७ पुस महिनामा नेपाली बृहत् शब्दकोशको सातौं संस्करण प्रकाशित गरेको थियो। नयाँ वर्णविन्यास लागु गर्ने मुख्य आधार त्यही शब्दकोशलाई लिइएको छ। त्रिभुवन विश्वविद्यालय अन्तर्गतको नेपाली भाषा विषय समिति, नेपाल प्रज्ञाप्रतिष्ठान जस्ता अग्रणी प्राज्ञिक र नियामक निकायहरूबाट भए गरेका नेपाली भाषाको क्रमिक विकासलाई पाठ्यक्रम विकास केन्द्रले अवलम्बन गरेको हो। नेपाली भाषालाई टिप्पणी आदेशका भरमा परिवर्तन गरिएको होइन। रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखितजवाफ बेहोरा रहेको देखिन्छ।

- नेपाल प्रज्ञाप्रतिष्ठानको लिखितजवाफ हेर्दा मिति २०६९।०२।२३ मा पाठ्यक्रम विकास केन्द्रलाई राय दिएका आधारमा प्रज्ञाप्रतिष्ठान विरुद्ध प्रस्तुत रिट दायर गरिएको भए तापनि शिक्षामन्त्रीबाट मिति २०६९।०४।२२ मा भएको निर्णय प्रज्ञाप्रतिष्ठानबाट भएको होइन। भाषा साहित्यको विषयमा खोज अनुसन्धान गर्ने प्राज्ञिक स्वतन्त्र निकाय भएकाले भाषा विज्ञहरूसँग २०५७ सालदेखि नै भाषिक गोष्ठी गरिआएकामा २०६७।०९।२८ मा सङ्गोष्ठीबाट प्राप्त निष्कर्ष भिडाई शिक्षा मन्त्रालय शिक्षा शाखाको प.सं. ०६८/०६९ नं.९९४ बाट पाठ्यक्रम विकास केन्द्र सानोठिमीबाट तयार भएको वर्णविन्यास मसौदामा यस प्रतिष्ठानको राय माग गरिएकामा केही बुँदामा सहमति नभएकाले छलफलबाट टुङ्गो लगाउने भनी २०६७ सालको सङ्गोष्ठीबाट प्राप्त निष्कर्ष भिडाई सो अनुरूप गर्न राय दिइएको हो। भाषाविद्हरूबिच व्यापक रूपमा भएको परामर्श सुझाव र निर्णयका आधारमा संयुक्त वर्णविन्यासमा भएका केही समसामयिक परिवर्तनले मौलिक हकमा आघात परेको भन्न नमिल्ने हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने जिकिर रहेको देखिन्छ।

- नेपाल सरकार शिक्षा मन्त्रालयको लिखितजवाफ हेर्दा त्रिभुवन विश्वविद्यालयले वि.सं. २०६६ सालमा अनिवार्य नेपाली शिक्षण निर्देशिका प्रकाशन गरेको। २०६७ सालमा साझा प्रकाशनबाट प्रकाशन भएको कक्षा ११ को अनिवार्य नेपाली विषयको पाठ्यपुस्तकसमेत नयाँ वर्णविन्यास अनुसार तयार भएको। नेपाल प्रज्ञाप्रतिष्ठानबाट २०६७ साल पुस २६, २७ र २८ गते आगन्तुक शब्दकोश वर्णविन्यास, वर्णमाला र लिपिसँग सम्बन्धित ४ वटा निर्णय, ह्रस्वदीर्घसँग सम्बन्धित ८ वटा निर्णय, पदयोग पदवियोगसँग सम्बन्धित ६ ओटा निर्णय र नेपाली भाषाको एकरूपता र मानकीकरण र स्तरीयकरणका लागि ३ ओटा निर्णयहरू भएका हुन्। मानक शब्दकोशका रूपमा नेपाल प्रज्ञाप्रतिष्ठानबाट २०६७ पुस महिनामा सातौं संस्करण प्रकाशन गरेकामा सोही नेपाली बृहत् शब्दकोशलाई सन्दर्भ सामग्री बनाइएको हो। शिक्षा नियमावलीको नियम ३२ मा भएको व्यवस्था अनुसार गठित राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले सरोकारवालाहरूसँग पर्याप्त छलफल गरी प्राप्त रायका आधारमा नेपाली विषयको पाठ्यक्रममा वर्णविन्यास तथा व्याकरण शिक्षण विधिलाई संशोधन गर्ने निर्णय गरेको हुँदा टिप्पणी आदेशको भरमा वर्णविन्यास र व्याकरण सम्बन्धमा निर्णय गरिएको भन्ने निवेदन दाबीमा सत्यता छैन। त्रिभुवन विश्वविद्यालय र नेपाल प्रज्ञाप्रतिष्ठानबाट तयार गरिएको कक्षा ११ र १२ को पाठ्यक्रममा भएको संशोधनसमेतका आधारमा पाठ्यक्रम विकास केन्द्रले पहिला नै लागु भइसकेका र मानक निर्धारण गर्ने संस्थाले लागु गरेका नवीनतम पक्षहरू र रायलाई आत्मसात गरी प्रकाशन सम्पादन शैली पुस्तिका तयार भई स्वीकृत भए अनुसार लागु भएको हो। तत्कालीन शिक्षामन्त्री दीनानाथ शर्माबाट मिति २०६९।४।२२ मा भएको निर्णयले संविधानप्रदत्त मौलिक हक र संवैधानिक व्यवस्था विपरीत रहेको भन्ने जिकिर मनासिब नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने जिकिर रहेको देखिन्छ।
- नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को लिखितजवाफ हेर्दा नेपाली भाषा सरकारी कामकाजमा प्रयोग हुने नेपालको ठुलो जनसङ्ख्याले मातृ एवं सम्पर्क भाषाका रूपमा प्रयोग गर्ने भाषा हो। नेपाली भाषाको वर्णविन्यासमा गरिने परिवर्तनले भाषिक सिकाइ तथा भाषाविज्ञानको विकासमा प्रभाव परेको हुन्छ। भाषाको विकास गरी भाषिक सिकाइसम्बन्धी प्रक्रियामा अवस्था अनुसार समसामयिक परिमार्जन गर्नुपर्ने हुन्छ। तत्कालीन शिक्षामन्त्रीबाट मिति २०६९।०४।२२ को निर्णय र सो सम्बन्धमा सम्बन्धित मन्त्रालयको लिखितजवाफबाटै प्रस्ट हुने हुँदा निवेदन खारेज गरिपाउँ भन्ने जिकिर रहेको देखिन्छ।

- प्रस्तुत रिट निवेदनमा निवेदन मागबमोजिम तत्कालीन शिक्षामन्त्रीद्वारा मिति २०६९।४।२२ मा सदर भएको टिप्पणी आदेश उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।
- निर्णयतर्फ विचार गर्दा सर्वप्रथमतः निवेदकले उत्प्रेषणको आदेशद्वारा बदर गर्न माग गरेको मिति २०६९।४।२२ को टिप्पणी आदेशतर्फ नै विचार गर्नुपर्ने देखिन आयो। सो सम्बन्धमा पाठ्यक्रम विकास केन्द्रबाट प्राप्त हुन आएको टिप्पणी आदेशसहितको फाइल हेर्दा सम्पादन तथा प्रकाशन शैली पुस्तिका स्वीकृति सम्बन्धमा भनी टिप्पणी उठाइएको मिति २०६८।११।२२ को टिप्पणी हेर्दा "भाषा जीवनयापनको सशक्त माध्यम हो। समयानुसार भाषा परिवर्तनशील छ। समय सन्दर्भ अनुसार भाषालाई सरल र परिष्कृत गर्दै लैजानसकेमा यो सबैका लागि ग्राह्य हुने छ। यसै सिद्धान्तलाई व्यवहारमा उपयोग गर्ने सिलसिलामा यस केन्द्रबाट प्रकाशन तथा सम्पादन हुने पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सामग्रीहरू एवं सन्दर्भ सामग्रीहरूमा वर्णविन्यासगत एकरूपता कायम गरिँदै आएको कुरा सर्वविदितै छ। समय अनुसार नेपाली भाषालाई परिष्कृत एवं सरलीकरण गर्ने सन्दर्भमा नेपाल प्रज्ञाप्रतिष्ठानले आफ्नो नेपाली वृहत् शब्दकोशसमेत परिमार्जन गरिसकेको, उच्च शिक्षातर्फ विश्वविद्यालयहरूमा पनि सोही अनुसार पठनपाठन हुने गरेको र उच्च माध्यमिक तहका कक्षा ११ र १२ मा समेत परिमार्जित नेपाली वर्णविन्यासकै शैली अनुरूप हाल अध्ययन अध्यापन गरिँदै आइएको छ। यस सन्दर्भमा विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकमा पनि उपर्युक्तानुसारको नेपाली वर्णविन्यास शैलीको प्रयोग गरी पठनपाठन गराउन अपरिहार्य देखिन्छ। उल्लिखित परिप्रेक्ष्यमा वर्तमान समयमा परीक्षणका रूपमा रहेको कक्षा-६ का सबै पाठ्यपुस्तकको वि.सं. २०६९ सालमा देशभरका विद्यालयमा लागु हुने अन्तिम मुद्रणीय प्रति (CRC) तयार पार्दा नयाँ वर्णविन्यास शैलीको प्रयोग गर्दा उपयुक्त हुने छ। यसर्थ उक्त परिमार्जित शैली २०७० सालको शैक्षिकसत्रदेखि लागु हुने गरी क्रमशः तहगतरूपमा अगाडि बढाउँदै लैजान उपयुक्त हुने" बेहोरा खुलाई सम्पादन तथा प्रकाशन शैली पुस्तिकाको स्वीकृति, पाठ्यपुस्तकको CRC निर्माणमा प्रयोगसमेतका विषयमा निर्णयार्थ प्रक्रिया अगाडि बढाइएको देखिन्छ। तहतह हुँदै सो प्रक्रिया शिक्षा मन्त्रालयका सहसचिव लवदेव आचार्यले पाठ्यक्रम विकास केन्द्र, सानोठिमीबाट तयार भई प्रस्ताव गरिएको सम्पादन तथा प्रकाशन शैली पुस्तिकाको वर्णविन्यासउपर नेपाल प्रज्ञाप्रतिष्ठानबाट प्राप्त राय/प्रतिक्रियालाई समेत आधार मानी बुँदा नं. १.१.८, १.१.१६,

१.६.१०, १.६.१३, १.६.१६, १.६.२० र १.६.२२ का सम्बन्धमा थप छलफल गरी निष्कर्षमा पुग्नुपर्ने हुँदा हाललाई पूर्ववत् प्रयोगमा रहेका वर्णविन्यासलाई नै मान्ने गरी निर्णय हुन र अन्य बुदाँहरूका हकमा पाठ्यक्रम विकास केन्द्रले प्रस्ताव गरेअनुरूप प्रयोगमा लैजान स्वीकृति प्रदान गर्नु उचित हुने भनी पेस भएको प्रस्ताव सचिव किशोर थापाले मिति २०६९।४।१७ मा निर्णयार्थ पेस गरेको र तत्कालीन शिक्षामन्त्री दीनानाथ शर्माले मिति २०६९।४।२२ मा सदर गरी मिति २०६९।४।२३ मा कार्यार्थ पठाइएको अवस्था देखिन आयो। उपर्युक्त निर्णयबाट नेपाली भाषाको वर्णविन्याससम्बन्धी नियममा परिवर्तन गरिएको, लेखन शैलीमा परिवर्तन भए गरेको र सो परिवर्तित वर्णविन्याससम्बन्धी नियमलाई पाठ्यपुस्तकमा समावेश गरी, पाठ्यपुस्तकहरूमा नयाँ वर्णविन्यास प्रयोग गरी पठनपाठन गर्न गराउन परिपत्र गरी बाध्यात्मकरूपमा लागु गर्ने कार्य भए गरेको अवस्था देखियो।

- भाषा विचार अभिव्यक्तिको माध्यम हो। भाषाको सम्प्रेषण स्वर, ध्वनि उच्चारणको माध्यमबाट हुने गर्दछ। अभिव्यक्तकर्ताले जुन भाव वा आशयले विचार अभिव्यक्त गरेको हो सोही भाव वा आशयलाई जस्ताको त्यस्तै सम्प्रेषण गर्नका लागि भाषाका नियमहरू विकास हुँदै आएका पाइन्छन्। भाषामा सुनाइ, पढाइ, बोलाइ र लेखाइका अलगअलग आयामहरू हुन्छन्। यी भाषिक आयामहरूमा भाषिक शुद्धता कायम राख्ने भाषाका नियमहरूलाई व्याकरणका रूपमा परिभाषित गरिएको पाइन्छ। व्याकरण कथ्य र लेख्य दुवै भाषाको भाषिक शुद्धताको लागि आवश्यक पर्दछ। भाषालाई कुनै देशको संविधान वा कानून वा नीति नियम निर्माण भए-गरे जस्तो तवरले राज्य वा सरकारको कुनै अङ्गले निर्णय गरेर जारी गरिएको जस्तो विषयको रूपमा लिन मिल्दैन। भाषा मानव विकासको क्रमसँगै विकसित र परिवर्तित हुँदै आएको विषय हो। भाषाको उत्पत्ति, विकासक्रम, भाषाको व्याकरण, भाषाविद्हरूले अध्ययन चिन्तन खोज गर्ने विषय हो। न्यायको रोहमा अदालतले भाषाको उत्पत्ति र विकासको इतिहास, दर्शन तथा व्याकरण यस्तो हुनुपर्छ वा यसै गरी भएको हो, भाषाको कथ्य र लेख्य व्याकरण यस्तो हो वा हुनुपर्छ भनी विवाद निरूपणको विषय बनाउन मिल्दैन।
- वर्णविन्यास नेपाली भाषाको भाषिक शुद्धता र व्याकरणको विषय हो। वर्णविन्यास र शैली परिवर्तनले भाषाको व्याकरण नै परिवर्तन हुने अवस्था हुन्छ। वर्णविन्यास र शैली परिवर्तनले हाल प्रचलित भाषाको भाषिक शुद्धता र भाषा सम्प्रेषणमा नै प्रत्यक्ष प्रभाव पर्दछ। मानव शरीरमा स्नायु प्रणाली जति संवेदनशील हुन्छ भाषामा वर्णविन्यास र व्याकरणका नियम पनि

त्यति नै संवेदनशील हुन्छ। वर्णविन्यास फरक पर्दा भाषिक सम्प्रेषणमा तात्त्विक फरक पर्न जान्छ र अर्थको अनर्थ हुन जान्छ।

- नेपालको संविधानको धारा ६ ले नेपालमा बोलिने सबै मातृ भाषाहरूलाई राष्ट्र भाषाको रूपमा मान्यता प्रदान गरेको पाइन्छ। धारा ७ ले सरकारी कामकाजको भाषाको सम्बन्धमा स्पष्ट गर्दै धारा ७ को उपधारा १ मा देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने स्पष्ट गरेको पाइन्छ। सोही धारा ७ को उपधारा ३ ले भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुने छ भनी स्पष्ट गरेको पाइन्छ। उपर्युक्त नेपालको संविधानको धारा ७ को संवैधानिक प्रावधानबमोजिम भाषाको विषय पाठ्यक्रम विकास केन्द्र, नेपाल प्रज्ञाप्रतिष्ठान, त्रिभुवन विश्वविद्यालय, शिक्षा मन्त्रालय, मन्त्रिपरिषद् वा राज्यका कुनै निकाय वा विद्यालय विश्वविद्यालयको क्षेत्राधिकार अन्तर्गतको विषयवस्तु हो भनी सीमित गर्न मिल्दैन। भाषाको वर्णविन्यासको प्रश्न पाठ्यक्रम र पाठ्यपुस्तकसँग मात्र सम्बन्धित विषय हो भनी मान्न मिल्दैन।
- निवेदन दावीको मिति २०६९।०४।२२ को शिक्षामन्त्रीको मन्त्रिस्तरीय निर्णय नेपाली भाषाको वर्णविन्यासको शैली नै परिवर्तन गर्ने गरी निर्णय भए-गरेको तथ्य, सो निर्णयसम्बन्धी टिप्पणी आदेश एवं संलग्न प्रमाणहरूबाट देखिन आएको छ। सो निर्णयबाट परिवर्तित वर्णविन्यास र शैली परिवर्तनले नेपाली भाषाको अध्ययन अध्यापन, पाठ्यक्रम, पाठ्यपुस्तकलाई मात्र प्रभाव पर्ने नभई नेपाली भाषाको समग्रतालाई प्रभाव पर्दछ। नेपाली भाषा सरकारी कामकाजको भाषा भएकाले सबै अड्डा अदालत, संसद्, सरकारी निकायहरूबाट नेपाली भाषामा गरिने सम्पूर्ण कामकारबाहीमा समेत प्रभाव पर्न जाने हुन्छ। भाषिक शुद्धता नेपाली भाषाको व्याकरणको प्रश्नमा सो मन्त्रिस्तरीय टिप्पणी आदेशले भाषाविद्हरूबिच पनि विभाजनको अवस्था सिर्जना भएको तथ्य प्रस्तुत रिट निवेदनबाटै पुष्टि हुन आएको देखिन्छ। भाषा विवाधताको मान्यता दिँदै विविधतामा एकता ल्याउने आधार हो। नेपालीहरूलाई जोड्ने आधार हो, तोड्ने आधार होइन।
- अब तत्कालीन शिक्षामन्त्रीबाट मिति २०६९।०४।२२ मा भएको वर्णविन्यास परिवर्तनसम्बन्धी निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्ने हो वा होइन भन्नेतर्फ हेर्दा शिक्षामन्त्रीले के कुन कानूनबमोजिमको अख्तियारीले सो वर्णविन्यास र शैली परिवर्तन गर्ने निर्णय मिति २०६९।०४।२२ मा गरेको हो भनी सो निर्णयमा खुलाएको पाइँदैन। शिक्षा

मन्त्रालयको लिखित जवाफ हेर्दा त्रिभुवन विश्वविद्यालयले जारी गरेको अनिवार्य नेपाली शिक्षण निर्देशिका साझा प्रकाशनबाट प्रकाशित कक्षा ११ को अनिवार्य नेपाली विषयको पाठ्यपुस्तकमा तथा वर्णविन्यास प्रयोग भएको नेपाल प्रज्ञाप्रतिष्ठानबाट आयोजित सङ्गोष्ठीबाट भएका निर्णयहरू नेपाल प्रज्ञाप्रतिष्ठानबाट प्रकाशित नेपाली बृहत् शब्दकोश (सातौं संस्करण), शिक्षा नियमावलीको नियम ३२ मा भएको व्यवस्थाबमोजिम गठित राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को राय, त्रिभुवन विश्वविद्यालय, नेपाल प्रज्ञाप्रतिष्ठानबाट प्राप्त सुझावसमेतको आधारमा पाठ्यक्रम विकास केन्द्रले प्रस्ताव गरेबमोजिम शिक्षामन्त्रीबाट मिति २०६९।०४।२२ मा नेपाली भाषाको वर्णविन्यास र शैली परिवर्तन गर्ने निर्णय भए गरेको भन्ने देखिन आएको छ। सो लिखितजवाफ बेहोराबाट कानूनबमोजिमको अख्तियार भए गरेको कुरामा निर्णय भए गरेको भन्ने देखिंदैन। ऐ. को दफा ३३ मा राष्ट्रिय पाठ्यक्रम विकास केन्द्रको काम, कर्तव्य र अधिकारभित्र विद्यालयमा लागु गर्ने पाठ्यक्रम पाठ्यपुस्तक निर्माण गर्नेसम्बन्धी नीति निर्धारण गर्ने, पाठ्यपुस्तक लेखन स्वीकृति तथा लेखनसम्बन्धी अधिकार पर्दछ सो अधिकारभित्र भाषाको वर्णविन्यास परिवर्तन गर्ने अधिकार रहेको देखिएन। नेपाली भाषाको पाठ्यक्रमभित्र वर्णविन्यासको विषय पर्न सक्दछ। तर वर्णविन्यासलाई नै परिवर्तन गर्ने अधिकार पाठ्यक्रम निर्माणको अधिकारभित्र रहेको देखिएन। त्रिभुवन विश्वविद्यालय नेपाली शिक्षण विभागले सो विश्वविद्यालय र सो अन्तर्गतका आङ्गिक कलेजहरूमा अनिवार्य नेपाली भाषा शिक्षण के कसरी गर्ने भनी शिक्षण निर्देशिका जारी गर्न सक्ने हुन्छ। सो शिक्षण निर्देशिकाले भाषाको पाठ्यक्रममा समाहित विषय र व्याकरणको नियम परिवर्तन गर्ने अख्तियार राख्दछ भन्न मिल्दैन। नेपाल प्रज्ञाप्रतिष्ठान ऐन, २०६४ को दफा ५ ले सो प्रतिष्ठानलाई भाषा साहित्य, दर्शनसमेतका शास्त्रहरू खोज, अध्ययन, अनुसन्धान गर्ने, विचार विमर्श गर्न गोष्ठीको आयोजना गर्नेसमेतको अख्तियारी रहेको तथा नेपालका सबै भाषालाई समृद्धि र वैभवशाली बनाउन विभिन्न शब्द तथा शब्दावलीको सिर्जना गरी प्रचलनमा ल्याउन सक्दछ तर उक्त संस्थासँग वर्णविन्यास नै परिवर्तन गर्न सक्ने अधिकार र भाषाका व्याकरणका नियमहरू नै परिवर्तन गर्ने सम्बन्धमा निर्णय गर्ने अधिकार रहे-भएको पाईंदैन। भाषाका सम्बन्धमा खोज, अध्ययन, अनुसन्धान गर्ने, विचार गोष्ठी गर्ने र त्यस्ता विचार गोष्ठी खोज, अध्ययन, अनुसन्धानबाट प्राप्त निष्कर्ष सरोकारवालाहरूको जानकारीका लागि प्रकाशन गर्ने, सम्प्रेषण गर्ने कार्य गर्न सक्ने अवस्था देखिन्छ। यसरी भाषा सम्बन्धमा भए गरेका अध्ययन, अनुसन्धान, खोज विचार गोष्ठीबाट सम्प्रेषित प्रकाशित विचारहरू,

भाषाका प्रयोगकर्ताहरूले ग्रहण गरी प्रयोग गर्दै जाँदा भाषामा परिवर्तन र विकास हुने अवस्था हुन जान्छ भने प्रयोगकर्ताहरूले रुचि नदेखाएमा प्रयोग नगरेका विषयहरू स्वतः उपेक्षित हुँदै जाने अवस्था हुन्छ। यसरी हेर्दा खोज, अनुसन्धान, विचार गोष्ठी, सङ्गोष्ठी आदिले भाषाको विकासमा योगदान पुर्‍याउँदछन्। तर भाषाका व्याकरण, वर्णविन्यास इत्यादिको विषय बृहत् अध्ययन, अन्वेषण, विचार विमर्शहरू हुँदै जाँदा सम्प्रेषित र प्रकाशित विषयहरू सो भाषामा प्रयोगकर्ताहरूले के कुन रूपमा ग्रहण गर्दछन ? प्रयोगकर्ताको स्वीकार्यताका आधारमा परिमार्जन हुँदै समयक्रमसँग विकसित र परिवर्तित हुँदै जाने अवस्था हुन्छ। तसर्थ, प्रज्ञाप्रतिष्ठानबाट अयोजित गोष्ठीको निष्कर्ष वा निर्णयहरूका आधारमा मात्र भाषाको व्याकरण, वर्णविन्यास, लेखनशैली इत्यादि परिवर्तन गर्न मिल्छ, हुन्छ भन्नु भाषा विकासको नियमको प्रतिकूल हुन जान्छ। पाठ्यक्रम विकास केन्द्रलाई शिक्षा ऐन, २०२८ को दफा ८ बमोजिम विद्यालयहरूले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्ने, अध्ययन अध्यापन गराउनुपर्ने सम्बन्धमा स्पष्ट गरिएको पाइन्छ। सोबमोजिम पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रममा समावेश गर्नुपर्ने विषयवस्तु सिकाइ र शिक्षणका सम्बन्धमा अध्ययन अनुसन्धान गरी पाठ्यक्रम पाठ्यपुस्तक सम्बन्धमा निर्णय गर्ने, पाठ्यक्रममा के कुन विषय समावेश गर्ने ? के कुन विषयवस्तु हटाउने ? झिक्ने ? इत्यादि विषयमा निर्णय गर्ने अधिकार हुन्छ तर नेपाली भाषा प्रयोग गर्ने सबैलाई प्रतिकूल प्रभाव पर्ने गरी भाषाको व्याकरण, वर्णविन्यासको नियम नै परिवर्तन गर्ने अधिकार हुन्छ भन्न मिल्दैन। पाठ्यक्रम पाठ्यपुस्तकको विषयमा निर्णय गर्दा त्रिभुवन विश्वविद्यालय, नेपाल प्रज्ञाप्रतिष्ठानसमेतसँग परामर्श गरी निर्णय गर्ने अख्तियार शिक्षा मन्त्रालय तथा सम्बन्धित विभागीय शिक्षामन्त्रीलाई हुने भए पनि भाषाको व्याकरण नै परिवर्तन गर्ने, वर्णविन्यास ह्रस्वदीर्घको नियमहरू नै परिवर्तन गर्ने अधिकार शिक्षामन्त्रीलाई हुन्छ भन्न नमिल्ने हुँदा शिक्षामन्त्रीबाट भएको टिप्पणी आदेश विधिसम्मत मान्न मिलेन।

- माथि विवेचना गरिएका आधार कारणबाट पाठ्यक्रम विकास केन्द्रको प्रस्तावमा मन्त्रिस्तरीय निर्णयबाट नेपाली भाषाको वर्णविन्यासको नियम परिवर्तन भएको अवस्था देखिन आएको र त्यस्तो टिप्पणी आदेश वा निर्णय गर्ने कानूनबमोजिम अख्तियार शिक्षामन्त्री वा शिक्षा मन्त्रालयलाई भए गरेको भन्ने देखिएन। उपर्युक्त विवेचना गरिएबमोजिम वर्णविन्यास र शैली परिवर्तन गर्ने सम्बन्धमा भएको टिप्पणी आदेशबाट नेपाली राष्ट्रभाषाको व्याकरणमा नै प्रत्यक्ष प्रभाव पर्न गएको, शिक्षा शिक्षण सामग्रीमा नै भाषागत परिवर्तन हुँदा सो अध्ययन अध्यापन

गरी उत्पादन हुने जनशक्तिले देशको विभिन्न क्षेत्रमा रहेर कार्य सम्पादन गर्दा दूरगामी रूपमा भाषामा प्रभाव पर्ने अवस्था देखिन्छ। जनशक्ति उत्पादन, दक्षता, क्षमतामा एकातर्फ प्रभाव पर्न जान्छ भने अर्कोतर्फ सो मन्त्रिस्तरीय आदेश निर्णयले देशभरिका सरकारी कामकाजको भाषामा समेत प्रत्यक्ष प्रभाव पर्न जान्छ। हाल प्रयोग भइरहेका भाषा प्रयोगकर्ताहरूले सम्प्रेषण गर्ने विषयवस्तुमा अर्थको अनर्थ हुनसक्ने अवस्था देखिन्छ। त्यति मात्र होइन संविधान र कानूनको व्याख्या र प्रयोगमा समेत वर्णविन्यासको नियमले तात्त्विक फरक पर्न सक्ने अवस्था हुन्छ। त्यस अर्थमा यो विषय पाठ्यक्रम पाठ्यपुस्तकमा मात्र सीमित हुने विषय होइन। नेपाली भाषा प्रयोगकर्ता, अध्येताका साथै यो भाषाप्रति रुचि राख्ने सबैको चासो र सरोकारको संवेदनशील विषय पनि हो। यस्तो संवेदनशील विषयमा निर्णय गर्दा सम्बन्धित सरोकारवालाहरूले थाहासम्म नपाउने गरी वर्णविन्यासको नियम परिवर्तन गरिएको अवस्था हुँदा नेपालको संविधानको धारा ३२ को उपधारा ३ द्वारा प्रदत्त आम नागरिकको र समुदायको भाषासम्बन्धी अधिकार तथा आफ्नो भाषा, लीपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हकमा समेत प्रतिकूल असर परेको छैन भन्न मिल्ने देखिएन। नेपालको संविधानको धारा ७ उपधारा ३ बमोजिम भाषा आयोगको सिफारिसमा भाषा आयोग ऐन, २०७४ जारी भइसकेको सन्दर्भमा भाषासम्बन्धी निर्णय लिँदा संविधानको उपर्युक्त प्रावधानबमोजिम भाषा आयोगको सिफारिसमा आदेश/निर्णय भए गरेको भन्ने पनि देखिएन। कानूनबमोजिमको अख्तियार प्राप्त भई तत्कालीन शिक्षामन्त्रीबाट मन्त्रिस्तरीय निर्णय भएको भन्ने पनि नदेखिएको हुँदा पाठ्यक्रम विकास केन्द्रबाट टिप्पणी उठाई तह तह हुँदै पेस भएको र शिक्षामन्त्रीद्वारा मिति २०६९।०४।२२ मा सदर गरिएको टिप्पणी आदेश/निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। आदेशको पूर्णपाठ तयार गर्न समय लाग्ने हुनाले यो सङ्क्षिप्त आदेश जारी गरिएको छ।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०८१ असार ९ गते रोज १ शुभम् ------------------------------------।

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी

सङ्क्षिप्त आदेश

०७३-WO-०२४१

मुद्दा:- उत्प्रेषण।

डा. बलदेव शर्मा अधिकारी.................................................................१ निवेदक

विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत.......................................................................१ विपक्षी

निर्णय सुनाउने पेसीमा पेस हुन आएको प्रस्तुत निवेदनमा मिसिल संलग्न कागजात अध्ययन गरी रिट निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरू श्री लेखनाथ भट्टराई, श्री आवेश अधिकारी, श्री अरुण सत्याल, श्री तीर्थराज थापा, श्री चिरन्जीवी नेपाल, श्री रविन्द्र तामाङ, श्री शिवकुमार यादव, श्री सुरेन्द्र विक्रम के.सी., श्री जनकसिंह साउद, श्री ईला शर्मा, श्री कृष्णप्रसाद भट्टराई, राधिका चम्लागाई, नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री गोविन्द खनाल, उपन्यायाधिवक्ता श्री पुष्पराज बास्तोला, हेमाङ्गराज अधिकारीका तर्फबाट वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल, अधिवक्ताहरु श्री अपेक्षा निरौला,

निश्चल वाग्ले र विनेश अधिकारी, नेपाल प्रज्ञाप्रतिष्ठानका तर्फबाट उपस्थित विद्वान् [illegible] राई, त्रिभुवन विश्वविद्यालयका तर्फवाट उपस्थित नारायणप्रसाद खनाल तथा एमिकस क्युरीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री विश्वदीप अधिकारी, श्री हर्क रावल, डा. श्री शम्भुप्रसाद खनालले गर्नुभएको बहससमेत गर्नुभयो।

यसमा निवेदकले माग गरेको नेपाली वर्णविन्याससम्बन्धी अधिगोष्ठी, २०५७ समेतका विषयवस्तुलाई न्यायिक निर्णयबाट व्यवस्थित (Judicially managed ) हुने विषय नभएको हुँदा भाषा जस्तो प्राकृतिक र मौलिकरूपमा विकास र परिवर्तन हुँदै जाने विषयमा प्रस्तुत रिट निवेदनको रोहबाट बोलिरहनु उपयुक्त नहुने हुँदा सोतर्फ बोलिरहनुपर्ने भएन । वर्णविन्यास शैली परिवर्तनका सम्बन्धमा शिक्षा मन्त्रालयबाट मिति २०६९।०४।२२ मा भएको मन्त्रिस्तरीय निर्णय यसै लगाउमा रहेको ०७३-WO-०२१६ को रिट निवेदनमा आजैका मितिमा यसै इजलासबाट उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहरी आदेश भएको हुँदा सोही निवेदनमा विवेचित आधार कारणहरूबाट प्रस्तुत रिट निवेदनमा पनि सो हदसम्म आंशिक रिट जारी हुने ठहर्छ। आदेशको पूर्णपाठ तयार गर्न समय लाग्ने हुनाले यो सङ्क्षिप्त आदेश जारी गरिएको छ।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०८१ असार ९ गते रोज १ शुभम् ----------------------------------------।

**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल**

**माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी**

**सङ्क्षिप्त आदेश**

**०७३-WO-१०३२**

**मुद्दाः- उत्प्रेषण परमादेशसमेत।**

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१४ कलङ्की बस्ने लालानाथ सुवेदी.......................................................................................१ निवेदक

**विरुद्ध**

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, काठमाडौं..........१ विपक्षी

शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर.............................१

नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं.....................................................१

गङ्गाप्रसाद उप्रेती, कुलपति नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं...............................१

मानविकी तथा सामाजिक शास्त्र सङ्काय, केन्द्रीय विभाग, त्रि.वि.वि., कीर्तिपुर........१

प्रा. डा. देवी प्रसाद गौतम विभागीय प्रमुख, नेपाली केन्द्रीय विभाग तथा अध्यक्ष, नेपाली विषय समिति, मानविकी तथा सामाजिक शास्त्र सङ्काय त्रि.वि.वि, कीर्तिपुर...१

त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्र, कीर्तिपुर.................................१

**०७४-WO-०३३४**

**मुद्दाः-उत्प्रेषण परमादेशसमेत।**

छविलाल न्यौपानेको नाति गणेशप्रसाद उपाध्याय न्यौपानेको छोरा भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा नं.३ बस्ने म मेरा नाति नातिनीको अभिभावकसमेत रहेकाले महेश्वर न्यौपाने...........................................................................१ निवेदक

मधुसुदन घिमिरेको छोरी झापा जिल्ला तोपगाछी गा.वि.स. वडा नं.३ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१४ बस्ने बालिका घिमिरे......१

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं......१ विपक्षी

नेपाल सरकार शिक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं........................................१
नेपाल सरकार संस्कृति मन्त्रालय सिंहदरबार, काठमाडौं........................................१
नेपाल सरकार पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर........................................१
पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषद्, सानोठिमी, भक्तपुर........................................१
नेपाल सरकार, राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर........................................१
त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्र, कीर्तिपुर........................................१
नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं........................................१

निर्णय सुनाउने पेसीमा पेस हुन आएको प्रस्तुत निवेदनमा मिसिल संलग्न कागजात अध्ययन गरी रिट निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरू श्री लेखनाथ भट्टराई, श्री आवेश अधिकारी, श्री अरुण सत्याल, नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री गोविन्द खनाल र विद्वान् उपन्यायाधिवक्ता श्री पुष्पराज बास्तोला, नेपाल प्रज्ञा प्रतिष्ठानका तर्फबाट उपस्थित विद्वान् हरिन्द्रप्रसाद राई, त्रिभुवन विश्वविद्यालयका तर्फबाट उपस्थित नारायणप्रसाद खनाल तथा एमिकस क्युरीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अभिवक्ताहरू श्री विश्वदीप अधिकारी, श्री हर्क रावल, डा.श्री शम्भुप्रसाद खनालले गर्नुभएको बहससमेत सुनियो।

यसमा नेपाल सरकार शिक्षा मन्त्रालयको मिति २०६९।०४।२२ को वर्णविन्यास परिवर्तनसम्बन्धी मन्त्रिस्तरीय निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भनी दायर भएको ०७३-WO-०२१६ को रिट निवेदनमा उत्प्रेषणको आदेशद्वारा उक्त निर्णय बदर हुने ठहरी आजैका मितिमा यसै इजलासबाट आदेश भएको सन्दर्भमा बृहत् शब्दकोशका नवौं संस्करणका केही विवादास्पद प्रविष्टिलाई सच्चाउन प्रज्ञापरिषद्को निर्णय नं.२६/०७३ बमोजिम मिति २०७३।०७।३० को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिरहनु परेन। रिट निवेदन खारेज हुने ठहर्छ। आदेशको पूर्णपाठ तयार गर्न समय लाग्ने हुनाले यो सङ्क्षिप्त आदेश जारी गरिएको छ।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०८१ असार ९ गते रोज १ शुभम् ---------------------------------